## नार्पा भूमि गाउँपालिकाका उपाध्यक्ष श्री कोञ्जो तेन्जिन लामा ज्यूले मिति २०७८ असार १० गते पेश गर्नुभएको

# आर्थिक वर्ष २०७८।७९ को
# बजेट वक्तव्य

नार्पा भूमि गाउँपालिका

च्याखूँ, मनाङ

गण्डकी प्रदेश

**सभाध्यक्ष महोदय,**

यस गाउँपालिकाको दशौं गाउँसभाको अध्यक्षता ग्रहण गरीरहनुभएका गाउँपालिकाका अध्यक्ष ज्यू, गाउँसभाका सचिव एवं उपस्थीत प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, कार्यालयका विभिन्न शाखाको जिम्मेवारीमा रहनुभएका शाखा प्रमुख ज्यूहरु, पत्रकार मित्रहरु एवं अन्य उपस्थीत महानुभावहरु,

सर्वप्रथम, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लगि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोल, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं सहिदहरु तथा वेपत्ता र पीडित नागरिकहरु प्रति सम्मान प्रकट गर्दै, समाजको अमुल परिवर्तनका लगि आफ्नो जीवन बलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति म उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

**सभाध्यक्ष महोदय,**

१. देशमा संघीय शासन प्रणाली संस्थागत भएपछि संविधान र वित्तीय संघीयताको कार्यान्वयनकै चरणमा स्थानीय सरकारको रुपमा रहेको नार्पा भूमि गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त सुखद अनूभुति गरेको छु ।

२. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, स्थानीय सरकार संचालन ऐन, संघीय सरकारका नीति तथा कार्यक्रमहरु, प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य, स्थानीय सरकारको मर्म तथा नार्पा भूमि गाउँपालिकाबासीको भावना, माग, विषय क्षेत्रगत विज्ञ तथा सरोकारवाला संस्था र व्यक्तिहरुको सुझाव र उपलव्ध सीमित साधन स्रोतको अधिकतम प्रयोग हुने गरी यो बजेट तयार गरेको छु ।

**सभाध्यक्ष महोदय,**

३. गाउँपालिकावासी जनताको आकांक्षा सम्वोधन गर्ने क्रममा सीतित बजेटबाट असीमित मागहरु पुरा गर्नु निश्चय नै सहज छैन । तापनि भरसक संविधानको परीधिभित्र रहेर गाउँको आधारभूत तहको विकामा टेवा पुग्ने र गाउँबासीको जीवनस्तरलाई माथि उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु ।

४. योजना विना गाउँको विकास सम्भव नहुने हुँदा गाउँपालिकाको दीर्घकालीन विकासको लागि तय गरीएको तीन वर्षे आवधिक योजना, पर्यटन गुरुयोजना, भू-उपयोग नक्शाङ्कन र ठूला आयोजनाको विस्तृत परियोजना प्रतिवेदनका आधारमा आयोजना संचालन गर्ने नीतिलाई आत्मसाथ गर्दै बजेटको सुनिश्चितता गरेको छु।

५. आर्थिक बृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेका थुप्रै चुनौतीलाई सम्वोधन गर्ने क्रममा पालिका वासीका जन आकाँक्षलाई संघीय सरकार र प्रदेश सरकारका कार्यक्रमहरु सँग समन्वय र साझेदारीमा समेत अगाडी बढ्ने गरी बजेटलाई परिलक्षित गरेको छु ।

६. प्रस्तुत बजेट समृद्ध नार्पा भूमि गाउँपालिका निर्माणको लक्ष्य तथा सीमित साधनको अधिकतम परिचालनद्धारा गाउँको समग्र विकास गर्ने उदेश्यका साथ मुलतः नेपालको संविधान, संघीय र प्रादेशिक कानूनहरु, स्थानीय सरकार सन्चालन ऐन, गाउँसभाबाट परित नार्पा भूमि गाउँपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विद्येयक, २०७८ को सिद्धान्त र प्रथमिकता, पन्ध्रौ योजना र दिगो विकास लक्ष्यलाई मुख्य आधार बनाएर तर्जुमा गरेको छु ।

**सभाध्यक्ष महोदय,**

७. अब म नार्पा भूमि गाउँपालिकाको चालु आर्थिक वर्ष २०७८।०७९ को संशोधित आय र व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

८. चालु आर्थिक वर्ष २०७८/७९ मा यस गाउँपालिकालाई केन्द्र सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु ६ करोड ८४ लाख, सशर्त अनुदान तर्फको रु ३ करोड ८८ लाख, राजश्व बाडफाँट तर्फ ३ करोड ६१ लाख, विशेष अनुदान तर्फरु १ करोड ३३ लाख, समपुरक अनुदान ४६ लाख, प्रदेश सरकार समानीकरण अनुदान तर्फ २५ लाख, राजश्व वाडफाँट तर्फ २ लाख ८७ हजार, विशेष अनुदान ५० लाख, सर्शत अनुदान ५० लाख, आन्तरिक श्रोत परिचालन तर्फ १२ लाख, संचित कोषमा मौज्दात १ करोड ३ लाख छत्तिस हजार गरी जम्मा रु १८ करोड ५५ लाख ५५ क हजारको संशोधित आय अनुमान रहेको छ ।

**सभाध्यक्ष महोदय,**

९. अब म नार्पा भूमि गाउँपालिकाका जनताको हित र उन्नति एवं नार्पा भूमि बासीको समृद्धिको लक्ष्यलाई ध्यानमा राखी क्रमशः पूर्वाधार, सामाजिक, आर्थिक वन तथा वातावरण एवं संस्थागत विकास तथा सुशासन प्रवर्द्धनको क्षेत्रगत प्राथमिकता क्रम निर्धारण गरी आगामी आर्थिक वर्ष २०७८।७९ को क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**क) पूर्वाधार विकास**

**सडक**

१०. नार्पा भूमि गाउँपालिका मुलत सडक संजालको पहुँचबाट टाढा रहेको र सडक संजालको विकासमै गाउँपालिकाको समग्र क्षेत्रको विकास निहित रहेकोले गाउँपालिकाको केन्द्र च्याँखूलाई सडक संजालसंग आवद्ध गराउनकोलागी साझेदारी विकास कार्यक्रमलाई अगाडी वढाउन आवश्यक पहल गरेको छु ।

११. नार्पा भूमि गाउँपालिकाको प्रवेशद्धारको रुपमा रहेको चामे गाउँपालिका स्थीत स्याउवारी भिरमा ट्र्याक ओपन गर्ने कार्यलाई रु १५ लाख रुपैया विनियोजन गरेको छु । साथै कोतो-छ्याछ्या-हुलाकीओडार-मेता सडक खण्डको मर्मत गर्नकोलागि रु ५० लाख र क्याङ-फू गेट- फु गाउँ सम्मको बाटो मर्मत गर्न रु २० लाख विनियोजन गरेको छु ।

१२. वर्षातका कारण जोखिममा रहेका झोलुङ्गे पुलहरुलाई पुन निर्माण गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिने छ । साथै गाउँपालिकाको प्रबेश द्धारको रुपमा रहेको चामे गा.पा. ३ कोतो को झोलुङगे पुल निर्माणकोलागी साझेदारी गर्न समपुरक कोषबाट रु ५ लाख विनियोजन गरेको छु ।

**सिंचाई**

१३. कृषि क्षेत्रमा सिंचाईको पहुच बढाउनकोलागि वडा नं. ३ च्याँखू क्षेत्रमा प्रदेश सरकारको समन्वयमा संचालित खानेपानी तथा सिँचाई आयोजनालाई क्रमागत रुपमा संचालनकालागी पहल गरेको छु ।

१४. गाउँपालिकाका सम्भाव्य उत्पादनशील क्षेत्रहरु क्याङ र मेतामा समेत खानेपानी तथा सिंचाई आयोजना संचालनकालागी संघ तथा प्रदेश सरकार संग समन्य गरिनेछ ।

**भवन तथा वस्ती विकास**

१५. च्याँखूमा संचालनमा रहेको जग्गा एकीकरण तथा वस्ती विकास कार्यक्रमलाई गाउँपालिकाको गौरवको योजनाको रुपमा संचालमा रहेकोमा उक्त कार्यलाई निरन्तरता दिन वडा कार्यालयसंग समन्वय गर्ने गरेको छु । साथै क्याङ र मेतामा समेत जग्गा एकीकरण तथा वस्ति विकास कार्यक्रम संचालनकालागी आवश्यक पहल गरेको छु ।

१६. सुरक्षित नागरीक आवास कार्यक्रममा सहभागी हुन चाहाने लाभग्राहीहरुलाई छाना प्रतिस्थापनको कार्यक्रमलाई निरन्तरता दिन आवश्यक पहल गरेको छु ।

**ख) सामाजिक**
**स्वास्थ्य**
१७. स्वास्थय विमा कार्यक्रममा सवै नागरीकको पहुँच बृद्धि गर्न आवश्यक पहल गरेको छु ।

१८. स्वास्थ्य सेवाको पहुँच कायम गर्न स्वास्थ्य चौकीहरुमा स्वास्थ्यकर्मीहरुको उपस्थिति र निरन्तरतालाई कायम गर्ने व्यवस्था गरेको छु ।

१९. नार स्वास्थ्य चौकीको भवनलाई प्रदेश सरकारको सहकार्यमा रु ५० लाखको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु । साथै फू स्वास्थ्य चौकी निर्माण सहकार्यको लागी प्रदेश सरकारलाई अनुरोध गरेको छु ।

२०. कोभिड-१९ को रोकथाम तथा उपचारकोलागि रु ५ लाख रुपैया विनियोजन गरेको छु ।

**शिक्षा**

२१. सामुदायीक विद्यालयलाई पठनपाठनमा सुधार ल्याउन तथा बालविकास शिक्षालाई प्रोत्साहन गर्न शिक्षा क्षेत्रतर्फ रु १५ लाख विनियोजन गरेको छु ।

२२. गाउँपालिका क्षेत्रमा रहेको फू प्राथमिक विद्यालयको भौतिक पूर्वाधारको विकास गर्न केन्द्र सरकारको सहकार्यमा भवन निर्माण गर्न रु ६२ लाखको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

२३. गाउँपालिका क्षेत्रभित्रका समुदायीक विद्यालयको व्यवस्थित रुपमा संचालन गर्न गाउँ शिक्षा नीति तर्जुमा गरी लागू गर्ने प्रतिबद्धता गरेको छु । गाउँपालिकाको निजि स्रोतवाट मन्टेश्वरी शिक्षक नियुक्ति गरि तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

२४. क्याङ क्षेत्रमा खानेपानी आयोजना निर्माण गर्न केन्द्र सरकारको सहकार्यमा रु ७१ लाखको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

२५. गाउँपालिका क्षेत्रभित्रको फोहोर व्यवस्थापन गर्न वडागत रुपमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु

**खेलकुद**

२६. प्रत्यक वडामा खेल मैदान बनाईने छ ।

२७. नार र फू का युवा क्लवहरुको नविकरण, विकास र समन्वय गरिनेछ ।

२८. नार गाउँमा खेलकुद मैदानको बार लगाउने कामलाई वजेट विनियोजन गरेको छु, र फू खेलकुद मैदानको लागि जग्गा पहिचान गरिनेछ ।

**महिला, वालवालिका, अपाङ्गता, जेष्ठ नागरीक, लैङ्गिीक समानता**
**लैङ्गिक हिंसा निवारण तथा सामाजिक समावेशीकरण**
२९. महिला बालबालिका तथा लैङ्गिक असमानता र हिंसा निवारणको क्षेत्रमा भएका राम्रा अभ्यास र सिकाईहरुलाई अनुसरण गरिनेछ । लैङ्गिक समानताको अनुभुती गर्न र हिंसामुक्त समाज निर्माण गर्न व्यक्तित्व विकास, संरचनागत विकास र व्यवसायीक विकास गरिनेछ ।

३०. समाजमा स्थापित बौद्धिकस्तरका जेष्ठ नागरीकका सीप, ज्ञान, बुद्धि विवेक र कार्यकौशलताको पहिचान गरी त्यसको उपयोग गरिनेछ ।

. आर्थिक रुपमा विपन्न महिला, दलित अल्पसंख्यक तथा पिछडिएका समुदायको क्षमता बृद्धि गर्दै लगिनेछ । आयआर्जन तथा विकासमा सहभागिता गराउन सीप विकास तथा उद्यमीका लागि बजेटको व्यवस्था मिलाएको छ।

**कानुनी मामिला तथा न्याय**

३१. गाउँपालिका क्षेत्रभित्रका न्यायमा पहुँच नभएका पीडित, असाहाय तथा अशक्तहरुलाई निशुल्क कानुनी सेवा उपलव्ध गराईनेछ ।

३२. कानूनी साक्षरता कार्यक्रम तथा निर्वाचित जनप्रतिनिधीहरुलाई अति आवश्यक कानुनी ज्ञान प्रदान गर्ने व्यवस्थाका लागि बजेट व्यवस्था मिलाएको छु ।

**ग) आर्थिक**
**कृषि तथा पशुपंक्षी**
३३. यस गाउँपालिकाको सम्भाव्य उत्पादन क्षेत्रको पहिचान गरी सार्वजनीक निजी साझेदारीको अवधारण बमोजिम कार्यक्रम संचालन गर्न पहल गरेको छु ।

३४. असन्तुलितर अनियन्त्रित विषादीहरुको प्रयोगबाट उत्पादित बस्तुहरुको उपभोगले जनस्वास्थ्य र पर्यावरणमा गम्भीर असर पार्ने हुनाले यसको नियन्त्रण गर्ने नीति लिईनेछ र जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

३५. परम्परागत एवम् निर्वाहमुखी पशुपन्छी पालनलाई व्यवसायीकरण, विविधिकरण तथा आधुनीकीकरणको माध्यमबाट पशुपन्छीजन्य वस्तुको उत्पादन, बजारीकरण तथा निर्यात प्रवर्द्धन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

३६. कृषि तथा पशुपक्षि विकास कार्यक्रमको लागि एकमुष्ट रु १२ लाख विनियोजन गरेको छु । सबै कृषि तथा पशु कृषकलाई व्यवसायिक रुपमा दर्ता गरि अनुदान दिईनेछ ।

**उद्योग**

३७. नार्पा भूमि गाउँपालिकाको च्याँखूमा उद्योग ग्राम निर्माण गर्न प्रदेश सरकारको सहयोगमा सम्भाव्यता अध्ययन गर्न प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

**पर्यटन तथा संस्कृति विकास**

३८. नार गाउँलाई नेपालको सवैभन्दा अग्लो गाउँको रुपमा विकास गर्ने एवं उक्त स्थानमा नार गाउँ The Highest Point Park निर्माण कार्यलाई निरन्तरता दिईएको छु ।

३९. च्याँखूमा गुरु बुद्ध पार्क निर्माण कार्य निरन्तर रुपमा भईरहेकोले उक्त पार्क निर्माण कार्यलार्य निरन्तरता दिएको छु । साथै फू मा चेरेशीग पार्क निर्माण कार्यलार्य निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।

४०. पर्यटकीय पदमार्गको रुपमा विकास गर्ने उदेश्यका साथ हिमलुङ वेस क्याम्प, सालिवुङ पास लगाएत काङ्गला पासलाई देशव्यापी बनाउने व्यवस्था मिलाएको छु ।

४१. नार्पा भूमि गाउँपालिका बासीले परम्परागत रुपमा मनाउदै आएका धार्छे पर्व, घोडा दौड लगाएतका पर्वलाई जिवन्त राख्न विशेष स्थानको प्रवन्ध मिलाइ सर्वसुलभ एवं मर्यादित बनाउँदै सँस्कृतिको जगेर्ना गरिनेछ ।

४२. नार्पा भूमि गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतको अधिकतम उपयोग गर्दै सहासिक खेल क्यानोनिङ र रक क्लाईमिङका लागि पूर्वाधार निर्माण सम्वन्धी सम्भाव्यता अध्ययन गर्ने कार्यको शुरुवात गरिनेछ ।

४३. नार र फू दुबै गाउँमा वनभोज कार्यक्रम स्थल निर्माणको निम्ति प्रारम्भिक योजना र तयारि गरि शरुवात गरिने छ ।

**सहकारी**

४४. गाउँपालिका क्षेत्रभित्र सहकारी संस्था स्थापना र संचालनलाई प्रोत्साहन गरिनेछ ।

४५. बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि वित्तीय साक्षरता र सीपमुलक तालिम सञ्चालन गरिनेछ । बैदेशीक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई विदेशमा सिकेका ज्ञान र सीपलाई लक्षित गरी स्वरोजगारका कार्यक्रम सञ्चालन गर्न उत्प्रेरीत गरिनेछ । साथै आर्थिक आयआर्जनका रुपमा बेरोजगार युवाहरुलाई स्वरोजगार तालिम उपलव्ध गराईनेछ ।

**व्यापार**

४६. व्यापार व्यवसायलाई व्यवस्थित रुपमा संचालन गर्न नियमन गरिनेछ ।

४७. पालिका भित्र संचालन भएका विभिन्न व्यवसायहरुलाई पालिका भित्र अनिवार्य दर्ता गराई करको दायरामा ल्याउन व्यवसाय दर्ता तथा संचालन कार्यविधि कार्यान्वयनमा ल्याईनेछ । यस आधारमा पालिकाबाट पाउने अनुदान प्रदान गरिनेछ ।

**उपभोक्ता हित संरक्षण**

४८. उपभोक्ता हित संरक्षणकालागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गर्ने कार्यको थालनी गरिनेछ ।

४९. सुर्तिजन्य र मदिराजन्य पदार्थ विक्री वितरणलाई नियमन गरिनेछ । तोकेको समय र स्थानबाट मात्र बिक्रीवितरण गर्न पाउने व्यवस्थालाई क्रमशः लागू गरिनेछ ।

५०. प्लाष्टिकको उत्पादन र प्रयोगलाई निरुत्साहित गरिनेछ ।

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

**वन, वातावरण तथा भू-संरक्षण**

५१. यस गाउँपालिका क्षेत्रलाई प्लाष्टिक निषेधित क्षेत्रको रुपमा विकास गर्न, गोरेटो बाटोहरुमा रहेका प्लाष्टिकजन्य फोहोरहरुलाई संकलन गरि फोहोरलाई मोहोरको रुपमा विकास गर्ने व्यक्तिा तथा संस्थाहरुलाई सम्झौता सम्पन्न गरी ढुवानीबापतको रकम रु १ लाख बरावरको अनुदान उपलव्ध गराईनेछ ।

५२. यस गाउँपालिकाभित्र गाउँ साझेदारी वन उद्यान कार्यक्रम सञ्चालन गरिनेछ । साथै जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रम र बोटानीकल गार्डेन बनाउन संघीय सरकार एवं प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

**जल उत्पन्न प्रकोप व्यवस्थापन**

५३. खोला तथा खहरे क्षेत्रमा नदीजन्य पदार्थ जम्मा भई हुन सक्ने जोखिमबाट गाउँ  बस्ती बचाउँनका लागि अध्ययन गराई नदीजन्य पदार्थ नदीबाट हटाई संरक्षणका लागि आवश्यक व्यवस्थापन गरिनेछ । साथै यस गाउँपालिका क्षेत्रभित्रका खोलाबाट हुने कटान तथा वस्ती जोखिम हुन रोक्न तटबन्धका लागि प्रदेश सरकारसँग सहकार्य गरी सुरक्षित गराईनेछ ।

**विपद व्यवस्थपन**

५४.विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून र मापदण्डलाई प्रभावकारी रुपमा कायान्वयन गर्दै स्थानीय विपद् व्यवस्थापन कोषको संचालन गरिनेछ ।

५५. स्थानीय क्षेत्रमा हुन सक्ने विपद्लाई आँकलन गर्दै विपद् व्यवस्थापन कार्यलाई चुस्त बनाउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ ।

५६. विपद् व्यवस्थापनमा आवश्यक सहयोग गर्न विपद् व्यवस्थापन कोषमा रु १० लाख रुपैया विनियोजन गरेको छु ।

५७. गाउँपालिका स्तरीय विपद् पूर्व तयारी योजना बनाउन बजेटको व्यवस्था मिलाएको छु । साथै विकास निर्माणका कार्यमा जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गरिनेछ ।

**(ङ) संस्थागत विकास, संचार र प्रविधि**
**संस्थागत विकास**

५८. सेवा प्रवाहलाई सहज, सरल र प्रविधिमैत्री बनाउदै शीघ्र सेवाको अनुभूती गराईनेछ । कर्मचारीबाट मुस्कान सहितको सेवा गर्ने कार्य शैली अवलम्वन गरिनेछ ।

५९.यस गाउँपालिकाको कर्मचारीहरुको मनोबल उच्च राख्नलाई आन्तरीक पर्यटक प्रवर्दन गर्ने उदेशयले १० दिनको भ्रमण कार्यक्रमको लागि रु ५ लाख बजेट प्रस्ताव गरेको छु ।

६०. गाउँपालिकाका कर्मचारी र जनप्रतिनीधिहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**सुरक्षा व्यवस्थापन**

६१. सुरक्षा निकायसँगको सहकार्यमा गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने बासिन्दाको सुरक्षित जीवनको प्रत्याभूति गर्ने व्यवस्थालाई बलियो र विश्वासिलो बनाउन आवश्यक समन्वय गरिनेछ । साथै नार गाउँ, मेता, च्याँखू र फू गाउँमा सुरक्षा पोष्ट निर्माणमा आवश्यक पहल गरिनेछ ।

६२. यस गाउँपालिकाको च्याखूँ क्षेत्रमा सशस्त्र प्रहरी बलको वोर्डर आउटपोष्ट निर्माणकोलागि आवश्यक पहल गरिनेछ ।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा**

६३. अनलाईन प्रणालीमा आवद्ध गरिएको व्यक्तिगत घटना दर्तालाई वडास्तरमा पूर्ण रुपमा विस्तार गरिनेछ । साथै व्यक्तिगत घटना दर्ता समयमै गराउन जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

६४.कम्प्युटरकृत गरिएको सामाजिक सुरक्षाका लाभग्राहीको अभिलेखलाई वडा कार्यालय मार्फत अद्यावधिक गरिने व्यवस्था मिलाईनेछ ।

६५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता ईकाई संचालनार्थ एम.आई.एस.अपरेटर तथा फिल्ड सहायकको एक चौमासिक बराबरको रकम साझेदारीकोलागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**योजना, स्थानीय तथ्यांक तथा अभिलेख**

६६. ठूला आयोजनाहरु र मेसिनरी औजार उपभोग गरी संचालनमा ल्याउनुपर्ने प्रकारका योजनाहरु संचालन गर्न प्रतिस्पर्धात्मक उपाय अवलम्वन गरिनेछ । साना प्रकृतिका योजनाहरुलाई उपभोक्ता समितिमार्फत संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

६७. स्थानीय योजना अनुगमन समिति, वडा स्तरीय योजना अनुगमन समिति एवं योजना स्तरीय आयोजना अनुगमन तथा सहजीकरण समितिको सकृयता बढाईनेछ । योजनामा पेश्की दिने प्रणालीलाई निरुत्साहीत गर्दै लगिनेछ ।

६८. प्रारम्भिक सर्वेक्षण भएका र विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) तयार भएका योजनालाई छनोट गर्ने प्रणाली स्थापीत गरिनेछ । साथै स्थानीय तहमा संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गरिनेछ।

**सुशासन प्रर्वद्धन**

६९. यस गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई समान, सहज र सुलभ वनाईनेछ । पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

७०. नार्पा भूमि गाउँपालिकालाई बुझाउनुपर्ने कर दायित्व समयमा नै नबुझाएका बासिन्दालाई गाउँपालिकाबाट उपलब्ध हुने अनुदानमा कटौती गरिनेछ ।

७१. गाउँपालिकावाट जारी ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि र मापदण्डको पालना गरि कार्यसम्पादन गर्ने व्यवस्था मिलाईनेछ ।

**संचार**

७२. गाउँपालिकाबाट प्रवाह गरिने सूचनामा सबैको सहज पहुँच र सूचना प्रवाहमा सरलीकरण गरिनेछ ।

७३. विकासका गतिविधिहरुलाई संचार माध्यम मार्फत जनसमक्ष पुर्याउन नार्पा भूमि गाउँपालिका भित्र एफ.एम.रेडियो सञ्चालन गर्न सम्भाव्य अध्ययनका लागि बजेट प्रस्ताव गरेको छु ।

**युवा तथा रोजगार**

७४. युवा तथा स्वरोजगारमा संलग्न युवाहरुलाई प्रोत्साहनकोलागि आवश्यक रकम विनियोजनको व्यवस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

७५. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्याक्रमहरु कार्यन्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थपनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

७६.आगामी आर्थिक वर्ष २०७८।०७९ का नीति तथा कार्यक्रमहरु कार्यान्वियन गर्न रु १८ करोड ५१ लाख ८७ हजार विनियोजन गरेको छु । कूल विनियोजित बजेट मध्ये चालु खर्च तर्फ ४ करोड ९० लाख अर्थात २६.४५ प्रतिशत र पूजीगत खर्च तर्फ १३ करोड ६१ लाख ८७ हजार अर्थात ७३.५४ प्रतिशत रहेको छ ।

७७. आगामी आर्थिक वर्ष २०७८/७९ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक श्रोत परिचालन तर्फ १२ लाख, संचित कोषमा मौज्दात १ करोड गरी १ करोड १२ लाख, संघिय सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु ६ करोड ८४ लाख, सशर्त अनुदान तर्फको रु ३ करोड ८८ लाख, राजश्व बाडफाँट तर्फ ३ करोड ६१ लाख, विशेष अनुदान तर्फ रु १ करोड ३३ लाख, समपुरक अनुदान ४६ लाख, प्रदेश

सरकार समानीकरण अनुदान तर्फ २५ लाख, राजश्व वाडफाँट तर्फ २ लाख ८७ हजार, विशेष अनुदान ५० लाख, सर्शत अनुदान ५० लाख रहने अनुमान छ ।

**सभाध्यक्ष महोदय,**

७८. यो बजेट तर्जुमाका सिलसिलामा प्रत्यक्ष रुपमा सहयोग गर्नुहुने नार्पा भूमि गाउँपालिकाका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाका वडाध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, सभाका सदस्यहरु, राजनीतिक दलका नेताहरु, उद्योग वाणिज्य संघ तथा व्यापार क्षेत्रका प्रतिष्ठित व्यक्तिहरु, विषयगत विज्ञहरु, नागरीक समाजका विभिन्न महानुभावहरु, संचारकर्मीहरु एवं कर्मचारी मित्रहरु लगाएत यस गाउँको समृद्धिका लागि चासो र सरोकार राख्ने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

धन्यवाद ।

**पारित मिति २०७८।०३।२१ गते**

आय तर्फ

| क.सं. | स्रोतहरु | रकम रु | कैफियत |
|---|---|---|---|
| 1 | संघिय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान | 68400000 | |
| 2 | संघिय सरकारबाट प्राप्त हुने सशर्त अनुदान | 38800000 | |
| 3 | संघिय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट | 36100000 | |
| 4 | प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान | 2500000 | |
| 5 | संघिय सरकार विशेष अनुदान | 13300000 | |
| 6 | संघीय सरकार समपुरक कोष | 4600000 | |
| 7 | प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाट | 287000 | |
| 8 | प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान | 5000000 | |
| 9 | अन्तरिक श्रोत परिचालन | 1200000 | |
| 10 | संचित कोषमा मौज्दात | 10363000 | |
| 12 | प्रदेश सरकार बिषेश अनुदान | 5000000 | |
| 12 | मालपोत र अन्य रजिष्ट्रेसन | 0 | |
| | जम्मा आय | 185550000 | |

चालु व्ययतर्फ

| | | | |
|---|---|---|---|
| 1 | पारिश्रमिक कर्मचारी | 13000000 | |
| 2 | पारिश्रमिक पदाधिकारी | 8000000 | |
| 3 | पोशाक | 700000 | |
| 4 | औषधि उपचार खर्च | 0 | |
| 5 | कर्मचारी स्थानीय भत्ता | 4200000 | |
| 6 | महंगी भत्ता | 750000 | |
| 7 | कर्मचारी बैठक भत्ता | 200000 | |
| 8 | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | 200000 | |
| 9 | अन्य भत्ता | 100000 | |
| 10 | पदाधिकारी बैठक भत्ता | 200000 | |
| 11 | योगदानमा आधारीत बीमा कोष | 200000 | |
| 12 | पानी तथा विजुली | 200000 | |
| 13 | संचार महसुल | 1000000 | |
| 14 | इन्धन पदाधिकारी | 200000 | |
| 15 | इन्धन कार्यालय प्रयोजन | 700000 | |
| 16 | सवारी साधन ममर्त खर्च | 500000 | |
| 17 | बीमा तथा नविकरण खर्च | 500000 | |
| 18 | मेसिनरी तथा औजार मर्मत खर्च | 300000 | |
| 19 | निर्मित सम्पत्तिहरुको संचालन खर्च | 500000 | |
| 20 | मसलन्द तथा कार्यालय सामाग्री | 1000000 | |
| 21 | पुस्तक तथा सामाग्री खर्च | 100000 | |
| 22 | इन्धन अन्य प्रयोजन | 800000 | |
| 23 | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | 800000 | |
| 24 | अन्य कार्यलय संचालन खर्च | 500000 | |
| 25 | सेवा र परामर्श खर्च | 1500000 | |

| | | | |
|---|---|---|---|
| 26 | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 500000 | |
| 27 | करार सेवा शुल्क | 3500000 | |
| 28 | सरसफाई सेवा सुल्क | 100000 | |
| 29 | कर्मचारी तालिम खर्च | 500000 | |
| 30 | सीप विकास तथा जनचेतना तालिम गोष्ठि सम्वन्धी खर्च | 400000 | |
| 31 | कार्यक्रम खर्च | 400000 | |
| 32 | विविध कार्यक्रम खर्च | 400000 | |
| 33 | अनुगमन मुल्याकन खर्च | 1200000 | |
| 34 | भ्रमण खर्च | 500000 | |
| 35 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डललको भ्रमण खर्च | 500000 | |
| 36 | अन्य भ्रमण खर्च | 100000 | |
| 37 | विविध खर्च | 800000 | |
| 38 | सभा संचालन खर्च | 600000 | |
| 39 | औषधि खरिद खर्च | 500000 | |
| 40 | घर भाडा | 300000 | |
| 41 | अन्य भाडा | 1000000 | |
| 42 | सवारी साधन तथा मेसिनरी औजार भाडा | 200000 | |
| 43 | अन्य सेवा शुल्क | 50000 | |
| 44 | भैपरी आउने चालु | 500000 | |
| 45 | कर्मचारी पर्यटन भ्रमण खर्च | 500000 | |
| 46 | हेवी इक्युमेण्ट सञ्चालन कोष | 1000000 | आन्तरिक श्रोत बाट मात्र |
| | जम्मा व्यय चालू | 49700000 | |

## अनुसुची २ पूजीगत खर्च शीर्षकहरु

### गाउँपालिका केन्द्र तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | फर्निचर तथा फिक्सचर्स | रु १३०००००।०० | |
| २ | मेसिनरी तथा औजार मर्मत खर्च | रु ७०००००।०० | |
| ३ | विपत व्यवस्थापन कोष | रु १०,०००००।०० | |
| ४ | समपुरक कोष | रु ७५,०००००।०० | |
| ५ | जग्गा प्राप्ति | रु १५०००००।०० | |
| ६ | स्याउभारी भिर ट्र्याक ओपन | रु १०,०००००।०० | |
| ७ | विष्पोटक पदार्थ खरिद | रु १५०००००।०० | |
| ८ | कोतो -छ्या-हुलाकीओडार-मेता सडक मर्मत | रु ५००००००।०० | |
| ९ | क्याङ-फूगेट-फूगाउँ सडक मर्मत | रु २००००००।०० | |
| १० | साङ्घर पोदी देखी गुम्वा सम्मको कुलो निर्माण | रु ५०००००।०० | |
| ११ | फू गाउँमा विद्यालय भवन निर्माण योजना | रु ६२०००००।०० | संघिय सरकार विशेष अनुदान |
| १२ | क्याङ खानेपानी योजना | रु ७१०००००।०० | संघिय सरकार विशेष अनुदान |
| १३ | नार स्वास्थ्य चौकी भवन निर्माण योजना | रु ५०००००००।०० | प्रदेश सरकार विशेष अनुदान |
| १४ | फू गाउँमा स्वास्थ्य चौकी भवन निर्माण योजना (फू गाउँमा विद्यालय भवन निर्माण लाई संशोधन गर्ने) | रु ५०००००००।०० | प्रदेश सरकार समपुरक अनुदान |
| १५ | संघीय सरकार समपुरक कोष | रु ४६०००००।०० | |
| १६ | नार स्वास्थ्य चौकीको भवन निर्माण | रु २८०००००।०० | |
| | **जम्मा** | **रु ५२७००००००।००** | |
| १७ | च्याँखू जग्गा एकीएकीरण | रु २०००००००।०० | |
| १८ | क्याङ बस्ती विकास | रु १०००००००।०० | |
| १९ | प्रशासकीय भवन फिनिसिङ | रु ३८०००००।०० | |
| २० | पालिका बृक्षारोपण गर्ने कार्य | रु ५०००००।०० | |
| २१ | पुरानो सत्ये गुम्वा छोर्नेन मर्मत | रु ३०००००।०० | |
| २२ | च्याँखूमा कार्यालयमा स्टोर कोठा निर्माण | रु ८०००००।०० | |
| २३ | कामुको था खोला जलविद्युत आयोजना | रु ९०००००।०० | |
| २४ | ना खोला जलविद्युत आयोजना | रु ५०००००।०० | |
| २५ | झेक्या लोङो जाने बाटो निर्माण | रु ५०००००।०० | |
| २६ | सोलार र चुलो खरिद | रु ६०००००।०० | |
| २७ | विजुली तथा सोलार चुलो जडान | रु १५००००।०० | |
| | **जम्मा** | **११०५००००।००** | |
| | **कुल जम्मा** | **६३७५००००।००** | |

### कृषि विकाश तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | हाईब्रिड तरकारी बिउ सेट वितरण | रु १०००००।०० | ढुवानी समेत |
| २ | प्लष्टिक टनेल (७५%) अनुदानमा वितरण | रु १५००००।०० | |
| ३ | नार र फू का वडामा टनेल हाउन निर्माण | रु १५००००।०० | |

| | | | |
|---|---|---|---|
| | उभीमा जिम्मु खेतीमा लागत साझेदारी कार्यक्रम | रु ४०००००।०० | |
| | **जम्मा** | **रु ८०००००।००** | |

## पशु विकाश तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | औषधि वितरण नियमित कार्यक्रम | रु ४०००००।०० | ढुवानी समेत |
| | **जम्मा** | **रु ४०००००।००** | |

## शिक्षा तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा शाखा खर्च | रु १५०००००।०० | बाल विकास कक्षा संचालन शिक्षक तलब समेत |
| | **जम्मा** | **रु १५०००००।००** | |

## स्वास्थ्य तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य शाखा पूजीगत खर्च | रु १००००००।०० | कार्यक्रम वनाई पेश गर्ने |
| | **जम्मा** | **रु १००००००।००** | |

## सूचना प्रविधि तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका कार्यालयम आन्तरीक संजालीकरण गर्ने | ४०००००।०० | सूचना प्रविधिमैत्रि कार्यालय बनाउने |
| २ | ड्रोन क्यामराको थप ब्याट्रि र ड्रोन संग सम्वन्धित अन्य थप सामाग्री खरिद | १०००००।०० | |

## वडा नं. १ तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | नार देखी मेन्दल सम्म गोरेटो बाटो | रु ६०००००।०० | |
| २ | छुक्चे देखि तेरिला पास सम्म बाटो मर्मत | रु ७,०००००।०० | |
| ३ | नार स्वास्थ्य चौकी किचन निर्माण सम्पन्न गर्ने | रु ९०००००।०० | |
| ४ | घो क्ष्योर्तेन धर्मशाला निर्माण | रु ८,०००००।०० | |
| ५ | साम्डुव क्ष्योलिङ पुरानो गुम्बा पर्खाल निर्माण | रु ७,०००००।०० | |
| ६ | म्योचम पुल मर्मत तथा घट्टे खोला पुल निर्माण | रु ७,०००००।०० | क्रमागत |
| ७ | महेन्द्र पुल देखी नार सम्म बाटो मर्मत | रु ५०००००।०० | |
| ८ | गुरु रिम्पोछे पार्क The Highest Point पार्क निर्माण | रु ११,०००००।०० | |
| | **जम्मा** | **रु ६०,०००००।००** | |

## वडा नं. २ तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | महेन्द्र पुल देखी मेता सम्मको गोरेटो बाटो | रु४१०००००।०० | |
| २ | मेतामा पाहुना घर निर्माण सम्पन्न | रु ८०००००।०० | |
| ३ | नाम्गो पर्यटन बाटो मर्मत | रु ९०००००।०० | |
| ४ | मेचे खोला पुल मर्मत | रु २०००००।०० | |
| | **जम्मा** | **रु ६००००००।००** | |

## वडा नं. ३ तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
| --- | --- | --- | --- |
| १ | च्याँखू प्रहरी घर निर्माण सम्पन्न गर्ने | रु१००००००।०० | |
| २ | गुरु पार्क निर्माण | रु १५०००००।०० | |
| ३ | टसि घाङ देखी मुर्च खोला सम्म बाटो मर्मत | रु ५,०००००।०० | |
| ४ | महेन्द्र पुल देखी च्याँखू सम्मको बाटो मर्मत | रु ५०००००।०० | |
| ५ | च्याँखुमा खच्चर खोर निर्माण | रु १००००००।०० | |
| ६ | सन हाउस निर्माण | रु १०,०००००।०० | |
| ७ | कर्मचारी आवास फिनिसिङ | रु ५०००००।०० | |
| | जम्मा | ६००००००।०० | |
| १ | च्याखूँ वृक्षारोपण योजना | | |
| २ | केन्द्रमा स्टोर घर निर्माण | | |

## वडा नं. ४ तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
| --- | --- | --- | --- |
| १ | क्याङ गुम्बा किचन फिनिसिङ | रु १५०००००।०० | |
| २ | फू गेट देखि फू गाउँसम्म बाटो मर्मत | रु १५,०००००।०० | |
| ३ | क्याङ देखि भास्राङ सम्म बाटो मर्मत | रु १५०००००।०० | |
| ४ | पाङग्रेन खर्क तटबन्ध राख्ने कार्य | रु ५०००००।०० | |
| ५ | ओखलमा छेकवार राख्ने कार्य | रु ५०००००।०० | |
| ६ | वडा भवन किचन निर्माण | रु ५०००००।०० | |
| | जम्मा | रु ६००००००।०० | |

## वडा नं. ५ तर्फका आयोजनाहरु

| क्र.सं. | आयोजनाको नाम ठेगाना | अनुमानित रकम रु | कैफियत |
| --- | --- | --- | --- |
| १ | फू आधारभूत विद्यालय निर्माण | रु २५,०००००।०० | |
| २ | नयाँ फू सामुदायीक गुम्वा निर्माण | रु १६५००००।०० | |
| ३ | चेरेशिग पार्क निर्माण | रु ७,०००००।०० | |
| ४ | दुलू पुल देखी टासी लाखाङ गुम्बा सम्म बाटो निर्माण र गुम्बा मर्मत | रु ७०००००।०० | |
| ५ | लामे काठेपुल मर्मत | रु १०००००।०० | |
| ६ | सेफेरु बाटो मर्मत | रु १५००००।०० | |
| ७ | फू मा ढलनिकास निर्माण | २,०००००।०० | |
| | जम्मा | रु ६००००००।०० | |
| १ | हेलिप्याड निर्माण | | |
| २ | झेक्या बाटो निर्माण | | |

# नार्पा भूमि गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

**कार्यक्रम / परियोजना अनुसार बजेट विनियोजन**

आ.व. : २०७८/७९ रु. हजारमा

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | उप क्षेत्र | Primary source | Secondary source | विनियोजन | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| १ | अन्तर्राष्ट्रिय युवा दिवस समारोह | युवा तथा खेलकुद | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५० | ० | ० | ५० |
| २ | अन्य विविध खर्च-Mobilization of CSOs, Civic Groups, NGOs for increased social accountability | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | ५४ | ० | ० | ५४ |
| ३ | अन्य विविध खर्च-Periodic meeting costs of LGPCC | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | २३ | ० | ० | २३ |
| ४ | आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | कृषि | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,२०० | ० | ० | १,२०० |
| ५ | आ.व. २०७७/७८ मा स्थापना भएको बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | कृषि | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७०० | ० | ० | ७०० |
| ६ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,१५० | ० | ० | १,१५० |
| ७ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/ कर्मचारीहरु समेत) | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५,४०० | ० | ० | ५,४०० |
| ८ | ईपिडेमियोलोजी रिपोर्टिङ | कृषि | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| ९ | उपचारात्मक सेवा अन्तर्गतका कार्यक्रमहरु ( ,आधारभूत स्वास्थ्य सेवा केन्द्र (स्वास्थ्य चौकी ) / आधारभूत अस्पतालको न्युनतम सेवा मापदण्ड कार्यक्रम संचालन तथा सुद्रिधिकरण र आँखा, नाक, कान, घांटी तथा मुख स्वास्थ्य सम्वन्धि अभिमुखीकरण तथा बिद्यालय स्क्रीनिंग कार | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३५० | ० | ० | ३५० |
| १० | एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम (माध्यमिक विद्यालय) | युवा तथा खेलकुद | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५२५ | ० | ० | ५२५ |
| ११ | एम. आ्इ. एस. अपरेटर र फिल्ड सहायक पारिश्रमिक, चाडपर्व खर्त तथा पोशाक खर्च | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | ७७३ | ० | ० | ७७३ |
| १२ | एम. आ्इ. एस. अपरेटर र फिल्ड सहायक देनिक भ्रमण भत्ता तथा यातायत खर्च | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | १६८ | ० | ० | १६८ |
| १३ | एम. आ्इ. एस. अपरेटर र फिल्ड सहायकको लागि सञ्चार खर्च | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | ८ | ० | ० | ८ |
| १४ | औलो तथा कालाजार माहामारी हुने क्षेत्रको छनौट गरी बिषादि छर्कने (रेस्पोन्सीभ स्प्रेइङ समेत), किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा किटजन्य रोग नियन्त्रणका लागि बहुनिकाय अन्तरक्रिया गर्ने | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३० | ० | ० | ३० |
| १५ | क्याङमा खानेपानी | खानेपानी तथा सरसफाई | नेपाल सरकार - विषेश अनुदान पुँजीगत | आन्तरिक ऋण - नगद ऋण | ७,१०० | ० | ० | ७,१०० |
| १६ | क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम, घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण, समुदायमा क्षयरोगका विरामीहरूको खोजपडतालका लागि क्षमता अभिवृद्धि तथा परिचालन । | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ४५ | ० | ० | ४५ |
| १७ | कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | कृषि | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ४०० | ० | ० | ४०० |
| १८ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | कृषि | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| १९ | कामका लागि पारिश्रमिक अनुदान | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १ | ० | ० | १ |
| २० | कामका लागि पारिश्रमिक अनुदान (युवा रुप) | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | १०० | ० | ० | १०० |

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

**कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन**

आ.व. : २०७८/७९ रु. हजारमा

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | उप क्षेत्र | Primary source | Secondary source | विनियोजन | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| २१ | किसान सूचीकरण कार्यक्रम | कृषि | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३०० | ० | ० | ३०० |
| २२ | कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३७३ | ० | ० | ३७३ |
| २३ | कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँगको अन्तरक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २५ | ० | ० | २५ |
| २४ | कोभिड १९ विरुद्ध खोप अभियान संचालन ब्यवस्थापन खर्च -पालिकास्तरिय समिक्षा तथा योजना र पालिका तथा स्वास्थ्य सस्था स्तरिय सुपरिवेक्षण_ | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ११४ | ० | ० | ११४ |
| २५ | गुनासो सुनुवाई अधिकारी | गरिबी निवारण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| २६ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | उद्योग | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७२० | ० | ० | ७२० |
| २७ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | उद्योग | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,२४० | ० | ० | १,२४० |
| २८ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७३ | ० | ० | ७३ |
| २९ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | एस.एस. डि. पि. - सोधभर्ना अनुदान (बैदेशिक) | ५ | ० | ० | ५ |
| ३० | नवीकरणीय ऊर्जा प्रविधि जडान (वायोग्याँस/ विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) | उर्जा | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | आन्तरिक ऋण - नगद ऋण | १,००० | ० | ० | १,००० |
| ३१ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०१ | ० | ० | १०१ |
| ३२ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | एस.एस. डि. पि. - सोधभर्ना अनुदान (बैदेशिक) | ७ | ० | ० | ७ |
| ३३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | एस.एस. डि. पि. - सोधभर्ना अनुदान (बैदेशिक) | २३ | ० | ० | २३ |
| ३४ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३२२ | ० | ० | ३२२ |
| ३५ | प्राविधिक सहायकको तलव | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३५८ | ० | ० | ३५८ |
| ३६ | प्राविधिक सहायकको पोसाक | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १० | ० | ० | १० |
| ३७ | प्राविधिक सहायकको स्थानीय भत्ता | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७५ | ० | ० | ७५ |
| ३८ | परिवार नियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २४४ | ० | ० | २४४ |
| ३९ | पशुपंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदि विभिन्न सरुवारोग सम्बन्धि रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २० | ० | ० | २० |
| ४० | पाङ्गे घाट झो.पु, वागल खोला ,रिनछिङ छि खोला, ङो कुलुङ खोला, नार्पा भूमि गाउँपालिका, मनाङ | यातयात पूर्वाधार | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | आन्तरिक ऋण - नगद ऋण | २,५०० | ० | ० | २,५०० |

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

**कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन**

आ.व. : २०७८/७९ रु. हजारमा

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | उप क्षेत्र | Primary source | Secondary source | विनियोजन | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| ४१ | पालिका स्तरमा ः टाईफाइड खोप अभियान संचालन तथा नियमित खोपमा टाईफाइड खोप शुरुवातको साथै नियमित खोप सुदढीकरण र सरसफाई प्रबद्रधनको लागि पालिका र वडा खोप समन्वय समिती र सरोकारवालाहरुको अभिमुखिकरण बैठक १ दिन | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १२९ | ० | ० | १२९ |
| ४२ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं बार्षिक समिक्षा | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| ४३ | पालिकास्तरमा खोप र सरसफाई प्रवद्र्धन कार्यक्रमको समिक्षा, सूक्ष्मयोजना अध्यावधिक र पालिका खोप समन्वय समितिको अभिमुखिकरण समेत पालिका स्तरमा २ दिन, वडा खोप समन्वय समितिको स्वास्थ्य संस्था, वडा सतरमा अभिमुखिकरण १ दिन तथा पूर्ण खोप सुनिश्चतताको लागी घरधुरी सर | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १२६ | ० | ० | १२६ |
| ४४ | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | १४० | ० | ० | १४० |
| ४५ | पोषण कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ८५७ | ० | ० | ८५७ |
| ४६ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | ४६० | ० | ० | ४६० |
| ४७ | फु गाउँमा विद्यालय भवन निर्माण | शिक्षा | नेपाल सरकार - विषेश अनुदान पुँजीगत | आन्तरिक ऋण - नगद ऋण | ६,२०० | ० | ० | ६,२०० |
| ४८ | मेशिनरी आजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालानार्थ) | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | ८४ | ० | ० | ८४ |
| ४९ | मसलन्द सामान खरिद (सेवा केन्द्र सञ्चालानार्थ) | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | १८० | ० | ० | १८० |
| ५० | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र यौनिक तथा लैंगिक अल्पसंख्यक का तथ्याङ्क संकलन र अधावधिक गर्ने | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| ५१ | मातृ तथा नवशिशु कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ८५० | ० | ० | ८५० |
| ५२ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ८० | ० | ० | ८० |
| ५३ | युवा उद्यमशीलता प्रबर्द्धन कार्यक्रम | युवा तथा खेलकुद | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७५ | ० | ० | ७५ |
| ५४ | युवा प्रतिभा प्रबर्धन तथा सम्मान कार्यक्रम | युवा तथा खेलकुद | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ५० | ० | ० | ५० |
| ५५ | युवाक्लव गठन तथा नमुना युवा संसद अभ्यास (गाउँ/नगरसभा) | युवा तथा खेलकुद | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३०० | ० | ० | ३०० |
| ५६ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | युवा तथा खेलकुद | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| ५७ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत) | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३०० | ० | ० | ३०० |
| ५८ | रोजगार संयोजकको तलव | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३९६ | ० | ० | ३९६ |
| ५९ | रोजगार संयोजकको पोसाक | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १० | ० | ० | १० |
| ६० | रोजगार संयोजकको स्थानीय भत्ता | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ९३ | ० | ० | ९३ |

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

**कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन**

आ.व. : २०७८/७९ रु. हजारमा

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | उप क्षेत्र | Primary source | Secondary source | विनियोजन प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ६१ | रोजगार सेवा केन्द्रको सञ्चालन (अनुगमन, सञ्चार, स्टेशनरी, मर्मत,अन्य) | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २०५ | ० | ० | २०५ |
| ६२ | रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण) | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | आन्तरिक ऋण - नगद ऋण | २०० | ० | ० | २०० |
| ६३ | रोजगार सहायकको तलब | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३६७ | ० | ० | ३६७ |
| ६४ | रोजगार सहायकको पोशाक भत्ता | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १० | ० | ० | १० |
| ६५ | रोजगार सहायको स्थानीय भत्ता | सामाजिक सुरक्षा तथा संरक्षण | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ७५ | ० | ० | ७५ |
| ६६ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | एस.एस. डि. पि. - सोधभर्ना अनुदान (बैदेशिक) | ८ | ० | ० | ८ |
| ६७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०८ | ० | ० | १०८ |
| ६८ | विद्यालय स्वास्थ्य शिक्षा/आमा समुह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १०० | ० | ० | १०० |
| ६९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ४२० | ० | ० | ४२० |
| ७० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | एस.एस. डि. पि. - सोधभर्ना अनुदान (बैदेशिक) | २९ | ० | ० | २९ |
| ७१ | विभागले उपलव्ध गराएको तालिम खाका बमोजिम घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धमा नपा/गापा, वडा कार्यालयका कर्मचारीहरुको लागि तालिम तथा जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | १५० | ० | ० | १५० |
| ७२ | विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु (Hypertension, Diabetes, COPD, Cancer Days, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस, रेबिज दिवस, विश्व औलो दिवस) मनाउने | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १२५ | ० | ० | १२५ |
| ७३ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | एस.एस. डि. पि. - सोधभर्ना अनुदान (बैदेशिक) | २७ | ० | ० | २७ |
| ७४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३७३ | ० | ० | ३७३ |
| ७५ | सञ्चार सामाग्री प्रसारण तथा छपार्इ (सञ्चार र पँहुच अभियान सञ्चालान) | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | १२० | ० | ० | १२० |
| ७६ | स्थलगत अनुशिक्षण गरि स्वास्थ्यकर्मिहरूको क्षमता अभिवृद्धि एवं तथ्यांङकको गुणस्तर सुनिश्चित, क्षयरोगका कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा उपचार नतिजाको कोहर्ट विश्लेषण | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ३५ | ० | ० | ३५ |
| ७७ | स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुको लागि अनुगमन तथा मुल्याकन खर्च | तथ्यांक प्रणाली | नेपाल सरकार - शसर्त अनुदान चालु | आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | ४० | ० | ० | ४० |
| ७८ | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ९,००० | ० | ० | ९,००० |

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

**कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन**

आ.व. : २०७८/७९ रु. हजारमा

| क्र.सं. | अनुदान प्राप्त क्रियाकलाप | उप क्षेत्र | Primary source | Secondary source | विनियोजन | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
| ७९ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | उद्योग | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १४० | ० | ० | १४० |
| ८० | स्याउ/ओखरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | कृषि | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | १,२०० | ० | ० | १,२०० |
| ८१ | सुरक्षित नागरिक आवास कार्यक्रम :- गण्डकी प्रदेशको मनाङ जिल्ला क्षेत्र नं. १ अन्तर्गत नार्पा भूमि गाउँपालिका- १२५ वटा | भवन, आवास तथा सहरी विकास | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | आन्तरिक ऋण - नगद ऋण | २,४०० | ० | ० | २,४०० |
| ८२ | स्वास्थ्य सूचना साथै आइ एम यू सुदृढीकरण कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | आन्तरिक ऋण - नगद ऋण | २०० | ० | ० | २०० |
| ८३ | स्वास्थ्य संस्थामा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ तथा फोटोकपी, ई-टि.बि रजिस्टर अध्यावधिक, विश्व क्षयरोग दिवस सम्बन्धी कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २० | ० | ० | २० |
| ८४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | एस.एस. डि. पि. - सोधभर्ना अनुदान (बैदेशिक) | १ | ० | ० | १ |
| ८५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | ९ | ० | ० | ९ |
| ८६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | शिक्षा | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २१ | ० | ० | २१ |
| ८७ | सिबिआईएमएनसिआई Onsite कोचिंङ्ग र समता तथा पहुँच कार्यक्रम | स्वास्थ्य | नेपाल सरकार - शसर्त अनुदान चालु | नेपाल सरकार - नगद अनुदान | २०० | ० | ० | २०० |
| | | | | जम्मा | ५२,१०० | ० | ० | ५२,१०० |